**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- संसदको दुवै सदनमा आज पनि बजेट 2026-27 माथि बहस जारी रहने छ
- भारतको रक्षा विभागले रक्षा अधिग्रहण प्रक्रिया 2026को मस्यौदालाई तयार गरेको छ।
- भारतका विदेशमंत्री डा.ए,.जयशंकरले ब्रिक्स देशहरूका शेर्पाहरू तथा चीन सहित अन्य देशहरूका प्रतिनिधिहरूसित कुराकानी गर्नु भएको छ।
- भारतले ब्रिटेन र उत्तरी आयरल्याण्डसित सामाजिक सुरक्षा अंशदान संबंधित समझौतामाथि हस्ताक्षर गरेको छ।
- आइसीसी टी-20 क्रिकेटमा आज दक्षिण अफ्रिका र अफगानिस्तान, अस्ट्रेलिया र आयरल्याण्ड अनि इंग्याण्ड र वेस्ट इण्डिज बीट भिड़न्त हुने छ।

**लोकसभा-राज्यसभा-केंद्रीय बजट**

संसदको दुवै सदनमा आज पनि देशको आम बजेट 2026-27माथि बहस जारी रहनेछ।हिजो राज्यसभाको बहसमा भाग लिँदै शिव सेना सांसद मिलिंद देवराले भन्नु भयो कि भारत वर्तमान राजनीतिक र आर्थिक उथलपुथलको दौरमा पनि व्यापक आर्थिक वृद्धि र स्थिरताको दुर्लभ उदाहरण बनेर उदित भएको देखा परेकोछ।भाजपाका सुरेन्द्र सिंह नगरले भन्नु भयो कि यस बजेटले आर्थिक वृद्धि बढाउने, जनताको अपेक्षा पूरा गर्ने र सबै सामाजिक क्षेत्रका योजनाहरूको लाभ आम जनतासम्म पुग्ने कुरा सुनिश्चित गर्ने कुरालाई प्राथमिकता दिन्छ। तेलुगु देशम पार्टीका मस्तन राव बिधाले भन्नु भयो कि बजेट व्यापक-आधारित आर्थिक स्थिरता, पूर्वाधार विकास, प्राविधिक परिवर्तन र सामाजिक समावेशीकरणको समन्वित दृष्टिकोण हो।एनसीपी-एससीपीकी फौजिया खानले बाल-सम्बन्धित खर्चमा कमी आएकोमा चिन्ता व्यक्त गरिन्। डीएमकेकी कन्निमोझी एनभीएन सोमु, कांग्रेसकी नीरज डांगी र तृणमूल कांग्रेसका सुखेन्दु शेखर रायले पनि बजेटमा आफ्नो विचार व्यक्त गरे।कांग्रेस सांसद शशि थरूरले लोकसभामा बहस सुरु गरे। उनले बजेटको आलोचना गर्दै भने कि सरकारी खर्च घटेको छ भने कर संकलन स्थिर रहेको छ। उनले यस वर्षको बजेटले बेरोजगारी, बढ्दो जीवनयापन लागत र असमानता जस्ता मुद्दाहरूलाई बेवास्ता गरेको आरोप लगाए। सुन्नु होस हाम्रा सम्वाददाताको एक रिपोर्ट

........बाइट......

**रक्षा मसौदा**

रक्षा विभागले रक्षा अधिग्रहण प्रक्रिया (डी.ए.पी.)-2026 को मस्यौदा तैयार गरेको छ। रक्षा मंत्रालयले भनेको छ कि यो मस्यौदाले उत्पादनको साथ-साथ एकीकरणको गतिलाई झन तेज र देशमा रक्षा पारिस्थितिकी तंत्रको विकासलाई बलियो बनाउने छ। प्रस्तावित मस्यौदाको उद्देश्य रक्षा उत्पादन बढाउने, र खरीदमा तीव्रता ल्याउनु हो।

मंत्रालयले भनेकोछ -यो प्रस्तावित मस्यौदाले रक्षा विनिर्माण र निर्यातलाई बढ़ावा दिनेछ साथै आयातलाई केवल घरेलू स्तरमा उपलब्ध नभएको र महत्वपूर्ण उपकरणहरू सम्म सीमित राख्नेछ। यसको उद्देश्य राष्ट्रको सुरक्षा र तकनीकी विकासलाई एउटै धागोमा उन्नु अनि विकसित भारत-2047 का लागि एउटा ठोस रूपरेखा तयार गर्नु हो।

**अमित शाह-सीबीआई आई4सी**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) र भारतीय साइबर अपराध समन्वय केन्द्र (आई .4 सी) सँग अन्तरक्रिया गर्नुभयो।उहाँले राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए), प्रवर्तन निर्देशनालय र बैंकहरूलाई अत्यधिक सुरक्षित र एकीकृत डिजिटल इकोसिस्टम विकास गर्न निर्देशन दिनु भयो । यसको उद्देश्य साइबर अपराधीहरूभन्दा "दुई कदम अगाडि" रहनु र वित्तीय धोखाधडी रोक्नु हो।
श्री शाहले भन्नु भयो कि 3 लाख 61 हजार साइबर धोखाधडीका उजुरी मार्फत सरकारले 8हजार 1 सय 89 करोड रुपैयाँ सुरक्षित गरेको छ। आई४सीले आयोजना गरेको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री शाहले यस्तो बताउनु भएका हुन ।

**सूचना प्रौद्योगिकी-अधिनियम**

सरकारले **सूचना प्रौद्योगिकी-मध्यस्थ दिशानिर्देश र डिजिटल मीडिया आचार संहिता नियम, 2021** माँ संशोधन अधिसूचित गरेको छ । यी नियमहरुमा कृत्रिम बुद्धिमत्ता-एआई द्वारा निर्मित र कृत्रिम सामग्रीलाई औपचारिक रूपले परिभाषित गरेको छ। अधिसूचना अनुसार सोशल मीडिया प्लेटफॉर्महरुलाई एआई द्वारा निर्मित अथवा डीप फेक सामग्री सरकार द्वारा चिन्हित गरिने छ तथा न्यायालयको आदेशको तीन घंटा भित्र हटाउन पर्ने छ । आधिकारिक अधिसूचनामाँ डिजिटल प्लेटफॉर्महरुलाई एआई लेबल अथवा संबंधित मेटाडेटा लागू भएपश्चात हटाउने अथवा दबाउने अनुमति दिनदेखि रोक लगाइएको छ । नयाँ नियम 20 फरवरी, 2026 देखि लागू हुनेछ ।

**जयशंकर-ब्रिक्स शेरपा**

विदेश मंत्री डा. एस. जयशंकरले हिजो ब्रिक्स 2026 का शेरपाहरू अनि विभिन्न देशका प्रतिनिधिहरु संग कुराकानी गर्नु भयो। एक सामाजिक संजाल पोस्टमा डा. जयशंकरले भन्नु भयो – ब्रिक्सको स्थापनाको 20 वर्ष पूरा भइसकेको छ अनि यो संगठनले सहयोग, परामर्श र समन्वयका लागि देशहरूलाई एउटा महत्वपूर्ण मञ्च प्रदान गर्दछ साथै जन-केन्द्रित एजेंडाहरूलाई अगाडि बढाउँदैछ। विदेश मंत्रीले भन्नु भयो उहाँले ब्रिक्स 2026 का प्राथमिकताहरू जस्तै - निरन्तरता, नवाचार आदिलाई अगाडि बढाउनका लागि विभिन्न प्रतिनिधि मण्डलहरूले दिएका सुझावहरू र विचारहरूलाई महत्त्वपूर्ण ठान्नु हुनेछ।

**दुबई - शिखर सम्मेलन**

रोड टू एआई इम्पैक्ट समिट 2026 भोलीदेखि दुबई नॉलेज पार्क स्थित सिम्बायोसिस इंटरनेशनल यूनिवर्सिटी परिसरमा शुरू हुनेछ । अबू धाबी स्थित भारतीय दूतावासको सहयोगबाट आयोजित यो दुई दिवसीय कार्यक्रम नयाँ दिल्लीमा आयोजित हुन गइरहेको मुख्य एआई इम्पैक्ट समिटको पूर्वाभ्यास हो ।यस सम्मेलनमा नीति निर्माताहरु , शिक्षाविदहरु र उद्योग जगतका प्रमुख कारोबारिहरुले भाग लिनेछ ।यस अवधि आर्टिफिशियल इंटेलिजेंसका उद्देश्यपरक प्रयोग र यसको सामाजिक प्रभावमा चर्चा गरिनेछ |

**भारत-अमेरिका व्यापार सम्झौता - गुजरात औषधि उद्योग**

भारतको फार्मास्युटिकल उद्योगले भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौताको ढाँचाको स्वागत गरेको छ। यो सम्झौताले औषधि र अन्य धेरै भारतीय निर्यातहरूमा भन्सार छुट प्रदान गर्दछ। जोटा हेल्थकेयर र दावा इन्डियाका अध्यक्ष केतन जोटाले भन्नु भयो कि औषधिको विश्वव्यापी आपूर्तिमा यसको महत्त्वपूर्ण भूमिकाको कारणले वार्ताको क्रममा भारतीय औषधि क्षेत्र विश्वस्त रहेको छ।

......... बाइट.......मुल्तानी.......

व्यापार सम्झौतामा भारतको सफलतालाई ठूलो विजयको रूपमा वर्णन गर्दै जोटाले भन्नु भयो कि संयुक्त राज्य अमेरिकाले पहिले कहिल्यै पनि शुल्कमा वार्ता गरेको थिएन। उहाँले भन्नु भयो कि प्रधानमन्त्री नरेन्द्र मोदीले अनुकूल सर्तहरूमा सफलतापूर्वक वार्ता गर्नु बयो। भारतबाट निर्यात हुने औषधिको मात्रा कम श्रम लागतको कारणले हो, जबकि संयुक्त राज्य अमेरिकाले कम मूल्यबाट लाभ उठाउँछ। जोटाले भारत र युरोपेली संघ बीचको अपेक्षित व्यापार सम्झौतालाई भारतीय औषधि निर्यातकर्ताहरूका लागि "अत्यन्त लाभदायक" भनेर पनि वर्णन गर्नु भयो।

## भारत-ब्रिटेन समझौता

भारतले ब्रिटेन र उत्तरी आयरलैंडको साथ सामाजिक सुरक्षा अंशदानसित संबंधित एक सामाजिक सुरक्षा समझौतामाथि हस्ताक्षर गरेको छ। विदेश सचिव विक्रम मिसरी र भारतमा ब्रिटिश उच्चायुक्त लिंडी कैमरनले हिजो नयाँ दिल्लीमा यस समझौतामाथि हस्ताक्षर गरे। मंत्रालयले भनेको छ, यसको उद्देश्य दुवै देशहरूको ती कर्मचारिहरूलाई दोहोरो सामाजिक सुरक्षा अंशदान सित जोगाउनु हो जो एक- अर्काको क्षेत्रहरूमा 36 महीने देखि अस्थायी नियुक्तिमा काम गरि रहेका छन्। मंत्रालयले थप भनेको छ कि यो समझौता अल्पकालिक विदेशी नियुक्तिहरूमाथि कर्मचारिहरूको गतिशीलता र निरंतर सामाजिक सुरक्षा कवरेजलाई सुनिश्चित गर्नेछ। मंत्रालयले भनेको छ कि यो समझौता ब्रिटेनसित भारतको व्यापार समझौताको एक भाग हो र व्यापक आर्थिक व्यापार समझौताको साथमा नै प्रभावी हुनेछ।

श्री मिसरीले ब्रिक्स शेरपा सम्मेलनमा भाग लिनका लागि भारत आएका चीनका कार्यकारी उप विदेश मंत्री मा झाओक्सूसित पनि भारत-चीन रणनीतिक वार्ता गर्नु भयो। दुवै पक्षले द्विपक्षीय संबंधहरूमा सकारात्मक प्रगतिको समीक्षा गरे अनि दुवै देशको जन-जन बीचको आदान-प्रदानलाई बढ़ाएर आपसी संबंधहरूलाई थप गहिरो बनाउने तरीकाहरूमाथि चर्चा गरे। उहाँलो वैश्विक र क्षेत्रीय स्थिति तथा बहुपक्षीय मुद्दाहरूमाथि पनि आ-आफ्नो विचार साझा गरे।

## सशों रात्रि आईसीसी टी20 विश्व कप

आईसीसी टी20 विश्व कप क्रिकेटमा , पाकिस्तानले हिज राति कोलंबोमा  अमरीकालाई  32 रनले पराजित गरेको छ। पहिले ब्याटिंग गर्दै , पाकिस्तानले  निर्धारित 20 ओवरमा  नौ विकेट मा  190 रन बनाएका थिए।
191 रनको  लक्ष्यलाई प्च्याउदै अमरीकी टीम 8 विकेट मा  158 रन मा नै सिमित रहे। पाकिस्तानका  साहिबजादा फरहानले 73 रन जबकि बाबर आजमले  46 रन बनाए। साहिबजादा फरहानलाई  मैन ऑफ द मैच घोषित गरियो |
**प्रतियोगितामा आज , दक्षिण अफ्रीकाको  सामना अफगानिस्तानसित  अहमदाबादमा बिहान 11 बजे हुनेछ। त्यहि , कोलंबोमा  ऑस्ट्रेलिया र आयरलैंड बीच मैच अपरान्ह  3 बजे देखि  शुरु हुनेछ। साँझ  7 बजे मुंबईको  वानखेड़े स्टेडियममा  इंग्लैंड र वेस्टइंडीज बीच मैच खेलिनेछ।**